## नेपालको दोस्रो आबधिक प्रतिवेदन संग सम्बन्धित बिषयहरुको सुचि ( CCPR/C/NPL/2)

**अभिसन्धीको कार्यान्वयनको लागी रहेका संबैधानिक र कानुनी आधारहरु ( धारा २ )**

१) राष्ट्रिय मानबअधिकार आयोगको कार्यहरुलाई नियमन गर्नको लागी सन् २०१२ मा बनेको कानुनको आधारमा आयोगको स्वतन्त्रता ( आर्थिक स्वतन्त्रता सहित) सुनिश्चित गर्न, पेरिस सिद्धान्त अनुसार अयोगको काम कारबाही कार्यान्वयन भएको सुनिश्चत गर्न, आयोगको निर्णय / सिफारिश सरकारी निकायबाट पुर्ण रुपमा कार्यान्वयन भएको सुनिश्चित गर्नको लागी अबलम्बन गरिएका कदमहरु उल्लेख गर्नुहोस् । ६ महिना भित्रमा आयोगमा उजुरी दिइसक्नुपर्ने ब्यवस्था लाई बदर गर्नको लागी तथा सैनिक ब्यक्ति बाट उल्लंघन गरिएका मानब अधिकारको घटना पनि अनुसन्धान गर्न सक्ने गरी आयोगलाई अधिकार प्रदान गर्नको लागी सदस्य राष्ट्रले कुनै योजना बनाएको छ वा छैन सो सम्बन्धमा पनि उल्लेख गर्नु होला ।

२ ) राष्ट्रिय अदालतहरुबाट भएका अभिसन्धीको कार्यान्वयन सम्बन्धी उदाहरणहरु प्रस्तुत गर्नुहोस् । Optional Protocol अन्तर्गत समितिको सिफारिश कार्यान्वयन गर्नको लागी उपलब्ध भएको कार्यबिधि हरु उल्लेख गर्नुहोस् । त्यस्तैगरी १४६९ / २००६, शर्मा बि. नेपाल, १७६१ / २००८, गिरी बि. नेपाल, १८६३ / २००९, शोभराज बि. नेपाल भएको उजुरी निबेदनमा समितिले गरेको उजुरी निवेदनमा समितिले गरेको सिफारिश पुर्ण रुपमा कार्यान्वयन गर्नको लागी अवलम्बन गरिएका कदमहरु उल्लेख गर्नुहोस् ।

३) बिगतको दण्डहिनता सम्बोधन गर्न तथा राज्य र गैरराज्य पक्ष द्वारा भइराखेको मानब अधिकार उल्लघंनको अनुसन्धान तथा अभियोजन गर्नको लागी अवलम्बन गरिएको उपायहरुको बारेमा उल्लेख गर्नुहोस् । सर्बोच्च अदालतले बेपत्ता ब्यक्ति छानबिन आयोग अध्यादेश र सत्य निरुपण तथा मेलमिलाप आयोग सम्बन्धी अध्यादेशहरु २०६९(२०१३) लाई तत्काल कार्यान्वयन नगर्नको लागी अन्तरिम अन्तरिम आदेश जारी गरेपश्चात्को अवस्थाको सन्दर्भ उल्लेख गर्नुहोला । सरकारी ब्यक्ती,तथा सैनिक र प्रहरीका ब्यक्तीहरुलाई उन्मुक्ती ( फौजदारी उन्मक्ती सहित) दिनको लागी प्रयोग हुने कानुनी तथा संबैधानिक प्राबधानहरुको बारेमा ब्याख्या गर्दै गम्भिर प्रकारको मानब अधिकारको उल्लघंनकर्ताको मुद्दा फिर्ता लिनको लागी हुने राजनैतिक हस्तक्षेपको बारेमा पनि उल्लेख गर्नुहोस् । त्यस्तैगरी मानबअधिकार उल्लघंनको आरोप लागेका ब्यक्तीलाई सैनिक तथा अन्य सुरक्षा निकायबाट हटाउनको लगी भेटिङ ( Vetting) प्रणाली स्थापना भएको छ/छैन सो सम्बन्धमा उल्लेख गर्ने ।

४) युद्व अपराध, मानवता बिरुद्वको अपराध तथा जातिय नरसंहार जस्ता अपराधहरुलाई राष्ट्रिय कानुन द्वारा अपराध परिभाषित गर्न तथा त्यस्ता अपराधहरुलाई फौजदारी न्याय प्रणालीको अधिकार क्षेत्र अन्तर्गत राख्नको लागी अवलम्बन गरिएको कदमहरुको सम्बन्धमा बिस्तृत उल्लेख गर्नुहोस् । सन् १९९६ देखी २००६ सम्मको द्वन्दको क्रममा मानव अधिकारको गम्भिर उल्लघंनबाट पिडित भएको ब्यक्तीहरुको पुनस्थापनाको लागी कुनै बिस्तृत कार्यक्रम स्थापना भएको भए सो सम्बन्धमा उल्लेख गर्नुहोस् ।

**समान ब्यवहार, महिला र पुरुषका बिचको समानता तथा अल्पसंख्यक जनताको अधिकार ( धारा २, ३, २६ र २७)**

५) जिबनको हरेक क्षेत्रमा महिला र पुरुषको भुमिका, जिम्मेबारी र पहिचान संग सम्बन्धित परम्परागत मान्यता र पितृसत्तात्मक सोच हटाउनको लागी अबलम्बन गरिएको कदमहरु तथा महिलालाई हानी गर्ने बाल बिवाह, दाइजो प्रथा, सन्तानको रुपमा छोराको चाहना, बहुबिवाह, बोक्सी प्रथा तथा छौपडी, झुमा, देउकी, धानखाने लगायतका अभ्यासहरु उन्मुलन गर्नको लागी अबलम्बन गरिएका कदमहरु उल्लेख गर्नुहोस् । महिलाको सम्बन्धमा राजनैतिक र सार्वजनिक जिबनमा सहभागिता र प्रतिनिधित्व बढाउनको लागी तथा निजामती सेवा, न्यायलय, राजनैतिक दल र अन्य निति निर्माण तहमा प्रतिनिधित्व बढाउनको लागी अवलम्बन गरिएको सकरात्मत बिभेदको उपायहरुको प्रभावको बारेमा उल्लेख गर्नुहोस् ।

६) जातिय बिभेद बिशेषगरी दलितहरु बिरुद्ध हुने गरेको जातिय बिभेद अन्त्य गर्नको लागी अबलम्बन गरिएका कदमहरु तथा जातिय बिभेद र छुवाछुत बिरुद्ध (अपराध र सजाय) ऐन को प्रभावकारी कार्यान्वयनको लागी चालिएका

कदमहरुको बारेमा उल्लेख गर्नुहोस् । राष्ट्रिय दलित आयोगलाई पर्याप्त स्रोत साधन उपलब्ध गराइएका छ/छैन तथा आयोगको कामकारबाहीलाई नियमन गर्नको लागी कानुन बनाइएको छ/ छैन सो सम्बन्धमा उल्लेख गर्नुहोस् ।

७) जातिय तथा धामिक अल्पसंख्यक समुदाय तथा मधेशी सहित आदिबासी जनजाती समुदाय बिरुद्धको भेदभावको अन्त्य गर्न तथा निजामती सेवा, स्थानिय निकाय तथा संबिधान सभामा उक्त समुहहरुको पहुंच र प्रतिनिधित्व बढाउनको लागी चालिएको कदमहरुको सम्बन्धमा उल्लेख गर्नुहोस् । कृपया सम्बन्धित तथ्यांक पनि प्रस्तुत गर्नुहोला ।

८) यस अनुबन्धले सुनिश्चित गरेको अधिकारहरु सदस्य राष्ट्रको अधिकार क्षेत्रभित्र पर्ने सम्पुर्ण व्यक्तिहरुले प्राप्त गर्छन् वा नागरिकहरुले मात्र प्राप्त गर्छन् सो सम्बन्धमा उल्लेख गर्नुहोस् । नागरिकता प्राप्तीको सम्बन्धमा लैङ्गिक समानता कायम गर्न तथा राष्ट्रियता प्राप्ती र हस्तान्तरण सम्बन्धमा रहेको बिभेदपुर्ण प्राबधानहरु खारेज गर्नको लागी अबलम्बन गरिएका कदमहरुको सम्बन्धमा  उल्लेख गर्नुहोस् । ऐतिहासिक रुपमा बिभेदमा परेको समुदाय बिशेषगरी तराई मधेशका जनताले नागरिकता प्रमाणपत्र प्राप्त गर्नको लागी भोग्नु परेको कठिनाइलाई सम्बोधन गर्न अवलम्बन गरिएको कदमहरुको सम्बन्धम उल्लेख गर्नुहोस् ।

९)लैङ्गिक अभिमुखिकरण तथा लैङ्गिक पहिचानको आधारमा ब्यक्तिमाथी हुन सक्ने छुवाछुत र बिभेद बाट बचाउनको लागी अवलम्बन गरिएको कदमहरु उल्लेख गर्नुहोस् तथा यस आधारमा विभेदपुर्ण रहेका कानुन र नितिहरु संशोधन भए नभएको सो सम्बन्धमा उल्लेख गर्नुहोस् ।

१०) घरेलु हिंसा सम्बन्धी उजुरीहरु प्रहरीले दर्ता गर्न अस्विकार गर्ने कारणहरुले गर्दा यौन तथा घरेलु हिसां सम्बन्धी घटनामा ब्यापक दण्डहिनताको अवस्था रहेको जस्ता बिषयलाई उल्लेख गर्नुहोला । त्यस्तैगरी घरेलु हिंसा, बलत्कार तथा अन्य प्रकारको शारिरिक शोषण लगायतका महिला बिरुद्धको हिंसाको मुद्धामा प्रभावकारी तरिकाबाट अनुसन्धान गरी कसुरदार उपर अभियोजन गरी कसुरदार उपर अभियोजन गर्ने तथा पिडितलाई क्षतिपुर्ती प्रदान गर्ने कार्यलाई सुनिश्चित गर्नको लागी अवलम्बन गरिएको उपायहरुको प्रतिवेदन प्रस्तुत गर्नु होला । राज्य र गैर राज्य पक्ष4ारा गरिएको बलत्कारको घटनालाई नियन्त्रण गर्न अवलम्बन गरिएको उपायहरुको साथै बलत्कारको मद्धामा जाहेरी दिनको लागी ब्यवस्था भएको ३५ दिने हदम्याद खारेज गर्नको लागी चालिएको कदमहरुको सम्बन्धमा उल्लेख गर्नुहोस् । कृपया  हिसांको पिडित भएका महिलाहरुले दायर गरेको उजुरीको संख्या (घरेलु र यौन हिंसा दुबै गरी), पिडितलाई प्रदान गरिएको क्षतिपुर्ती तथा पिडितको लागी ब्यवस्था गरिएको सुरक्षित आ>यस्थल र अन्य स्रोत साधनहरुको तथ्याङ्क प्रस्तुत गर्नुहोला ।

**बाँच्न पाउने अधिकार तथा यातना र क्रुर र अमानविय व्यवहार को प्रतिबन्ध र सजाय सम्बन्धी व्यवस्था ( धारा २,६,७,९,१०, १६, १९ र २१)**

११) गैरन्यायिक हत्या तथा व्यक्ति बेपत्ता पार्ने कार्य लगायतका राज्यका निकायबाट हुने गरेका गैर कानुनी शक्तीको प्रयोग तथा बाँच्न पाउने अधिकार बिरुद्ध भएका कार्यहरु जुन दस्ताबेजमा उल्लेख भएका छन् र जुन घटनाहरुमा कानुन बमोजिम को सजाय गरिएको छैन त्यस्तो घटनाहरु पनि कृपया उल्लेख गर्नुहोस् । सुरक्षा निकायबाट भएका गैरन्यायिक हत्या तथा तराई क्षेत्रमा भएको प्रदर्शनको क्रममा भएको गम्भिर चोटपटक -(क्षती) लगायतका त्यस प्रकारका घटनाहरु रोक्न, तदारुकता र निश्पक्षताका साथ अनुसन्धान गर्न, पीडितलाई क्षतिपुर्ती दिन तथा दाषीलाई कानुन बमोजिम कारबाही गर्नको लागी चालिएका कदमहरुको बारेमा उल्लेख गर्नुहोस् । त्यस प्रकारको गैरन्यायिक हत्याको घटनको छानबिन गर्नको लागी के सदस्य राष्ट्रले पर्याप्त स्वतन्त्रता सहितको विशेष अनुसन्धान इकाइको स्थापना गरेको छ ? कानुन कार्यान्वयन गर्ने अधिकारिहरुको पाठयक्रममा मानबअधिकार तथा बल प्रयोग सम्बन्धी सिद्धान्त मापदण्डको रुपमा रहेको छ, छैन ? सो सम्बन्धमा उल्लेख गर्नुहोस् ।

१२) यातना सम्बन्धी कार्य र व्यक्ती बेपत्ता पार्ने कार्यलाई अन्तराष्ट्रिय मापदण्ड अनुसार परिभाषित तथा अपराध घोषित गर्नको लागी तथा व्यक्ति बेपत्ता पार्ने कार्य र क्रुर तथा अमानविय व्यवहार र यातना जस्ता कार्यहरु

प्रभावकारी र निश्पक्ष तरिकाले अनुसन्धान गर्न, कसुरदारलाई उक्त कार्यको गाम्भिर्यता बमोजिम सजाय गर्न तथा क्षतिपुर्ती सहितको पर्याप्त राहत र क्षतिपुर्ती प्रदान गर्ने कार्यलाई सुनिश्चित गर्नको लागी चालिएको कदमहरु उल्लेख गनुहोस् । यातना दिने कार्यहरु नेपालमा व्यापक रुपमा बिशेष गरी प्रहरी हिरासतमा हुने गरेको भन्ने तथा गैरराज्य पक्षद्धारा हुने गरेको यातना सम्बन्धी प्रतिबेदनको सम्बन्धमा प्रतिक्रिया दिनुहोस् । साथै यस प्रकारका समस्यालाई सम्बोधन गर्नको लागी चालिएको कदमको सम्बन्धमा उल्लेख गर्नुहोस् ।

१३) यातना को अभियोग प्रमाणित भएको सैनिक अधिकारीलाई दिइने सजाय ( सदस्य राष्ट्रको प्रतिवेदन, CCPR/C/NPL/2 kl/R5]b १२२) तथा पीडितलाई दिइने क्षतिपुर्तीको सम्बन्धमा उल्लेख गर्नुहोस् । सदस्य राष्ट्रले सुरक्षा फौजको कामकारबाहीको सम्बन्धमा उजुरी गर्ने स्वतन्त्र निकायको व्यवस्थ ागर्ने योजना बनाएको छ कि छैन? साथै बालबालिका सम्बन्धी ऐन १९९२ मा अनुसुचित भएको यातना सम्बन्धी कार्यलाई सरकारी मु4ा सम्बन्धी ऐन, १९९२ मा उल्लेख गर्न जसले गर्दा जाहेरी दरखास्त प्रहरी समक्ष दिन सकिन्छ सो अनुसार संशोधन गर्नको लागी सदस्य राष्टले कुनै योजना बनाएको छ, छैन ? सो सम्बन्धमा उल्लेख गर्नुहोस् ।

१४) घर लगायतका कुनै पनि स्थानमा शारिरिक यातनालाई निषेध गर्नको लागी अवलम्बन गरिएको उपायको प्रतिवेदन प्रस्तुत गनुहोस् ।

**दासता र दासत्वको उन्मुलन -धारा ८**

१५) महिलाको बेचबिखन, शारिरिक शोषणको लागी पुरुष तथा बालबालिकाको प्रयोग, मानव अङ्गको बेचबिखन, बन्धनकारी >म, घरेलु कामदार तथा विवाह -शारीरिक शोषण लागी) जस्ता कार्यको रोकथामको लागी तथा कसुरदारलाई सजाय दिन र पीडितलाई क्षतिपुर्ती र पुनस्थापना गर्नको लागी अवलम्वन गरिएका उपायहरुको प्रतिवेदन दिनुहोस् । बाल>म तथा हलिया, कमैया, कमलरी जस्ता परम्परागत बधुवा मजदुरी जुन सुदुर पश्चिमको केही जिल्लामा अफ्र बि4मानछ, त्यस प्रकारको अभ्यास उन्मुलनको लागी चालिएको कदमको सम्बन्धमा बिस्तृतमा उल्लेख गर्नुहोस् । लिङ्ग, उमेर, जातिय समुदाय र भौगोलिक क्षेत्रको सम्बन्धमा तथ्याङ्क प्रस्तुत गर्नुहोस् ।

(क) माथी उल्लेखित उद्धेश्यको लागी भएका मानव बेचबिखनको मु4ाको संख्या र बाल>मको मुद्धाहरु

(ख) अनुसन्धान र अभियोजन गरिएको मुद्धाहरु र आरोप प्रमाणित भएको बास्तविक मुद्धा संख्या

(ग) पीडितलाई प्रदान गरिएको क्षतिपुर्ती

**मानबबेचबिखनको मुद्धामा रहेको कुनै प्रकारको आधिकारिक सहअपराध अनुसन्धान गर्नको लागी कदम चालिएको भए सो सम्बन्धमा उल्लेख गर्नुहोस् । ब्यक्तिको स्वतन्त्रता र सुरक्षाको अधिकार। थुनामा रहेको व्यक्तिसंग गरिने व्यवहार, स्वच्छ सुनुवाई र स्वतन्त्र न्यायपालिका - धारा २,७,९,१०,१४ र २४**

१६) प्रहरीले हिरासतको गलत र अपुरो अभिलेख राख्ने, थुनुवा हरुलाई अनअधिकृत स्थानमा थुनामा राख्ने लगायतका स्वच्छन्द र गैरकानुनी थुनामा राख्ने कार्यलाई रोकथाम गर्न तथा त्यस्ता कार्यमा संलग्न कसुरदारलाई कानुन बमोजिम कारवाही गरी पीडित लाई पर्याप्त क्षतिपुर्ती दिने कार्यलाई सुनिश्चित गर्नको लागी अवलम्वन गरिएको उपायहरु उल्लेख गर्नुहोस् । थुनामा रहेको व्यक्तिको आफ्नो नजिकको परिवारको सदस्यलाई थुनाको सम्बन्धमा जानकारी गराउन तथा थुनामा रहेको क्षणबाट कानुन व्यवसायी र डाक्टर संग पहुच बनाउनको लागी चालिएको कदमहरुको सम्बन्धमा उल्लेख गर्नुहोस् । सुनुवाई पुर्व लामो समयमा थुनामा राख्ने कार्य अभ्यासमा रहेको छ भन्ने प्रतिवेदनको सम्बन्धमा प्रतिक्रिया दिनुहोस् साथै सुनुवाई भन्दा अगाडी हिरासतमा नराखी सुनुवाई गर्नको लागी के कस्तो बिकल्पहरु हुन सक्छन् सो सम्बन्धमा उल्लेख गर्नुहोस् ।

१७) हिरासत र कारागारमा क्षमता भन्दा बढी कैदी बन्दी राख्ने कार्य रोक्न, हिरासत र कारागारमा रहेको कमजोर पुर्वाधार, कमजोर स्वास्थ्य सेवा र आफ्नो कानुन व्यवसायी सँग गोप्य सल्लाह गर्नको लागी स्थान अभाव जस्ता समस्या समाधानको लागी अवलम्बन गरिएका उपायहरुको सम्बन्धमा उल्लेख गर्नुहोस् । थुनामा राखिएको हिरासतमा नियमित र स्वतन्त्र अनुगमन गर्नको लागी संयन्त्रको स्थापना भएको छ, छैन? खुला र सामुदायिक कारागार को व्यवस्था गर्ने, कारागार ऐन, (१९६४) लाई संशोधन गर्ने लगायतका कारागार सम्बन्धी कानुनको सुधार गर्ने कार्यमा भएको प्रगती विवरण प्रस्तुत गर्नुहोस् । थुनामा रहेका कैदी बन्दीहरुको यातना तथा कुर र अमानविय व्यवहार बिरुद्धमा अदालतमा उजुरी दिन पाउने अधिकार व्यवहारमा कार्यान्वयन भएको छ, छैन सो सम्बन्धमा उल्लेख गर्नुहोस् ।

१८) संसदमा पेश भएको फौजदारी कार्यबिधि संहिता तथा सजायसम्बन्धी कानुनको विधेयक कहाँ पुग्यो सो सम्बन्धमा जानकारी प्रदान गर्नुहोस् साथै यो कानुनहरुले स्वच्छ सुनुवाइलाई सुनिश्चित गर्नको लागी प्रस्तुत गरेको प्रमुख संशोधनहरु उल्लेख गर्नुहोस् । कुनै पनि व्यक्तिलाई आˆनो विरुद्धमा साक्षी बस्न वा कसुर स्विकार गर्न नपर्ने अधिकार लाई व्यवहारमा कार्यान्वयन गर्नको लागी तथा बल प्रयोग गरी जर्बजस्ती प्राप्त गरेको प्रमाण अस्विकार गरिने कुरालाई सुनिश्चित गर्नको लागी सरकारी मुद्दा सम्बन्धी ऐन र प्रमाण ऐनमा कुनै प्रकारको संशोधन गरिएको छ, छैन? सो सम्बन्धमा उल्लेख गर्नुहोस् ।

१९) न्यायलय भित्र हुने गरेको भ्रष्टाचार र अनियमितता रोक्न, राजनैतिक लगायतका न्यायलय भित्र हुने हस्तक्षप रोक्न, अदालतको आदेशको कार्यान्वयन गर्न, अदालतमा हुने प्रशासनिक ढिलासुस्ती रोक्न, स्रोतसाधनको अभावसम्बन्धी समस्या हटाउन, बढ्दो अदालती खर्च तथा गरिब र सिमान्तकृत समुदायलाई अपर्याप्त कानुनी सहायता लगायतका समस्याहरु सम्बोधन गर्नको लागी चालिएको कदमहरुको सम्बन्धमा प्रतिवेदन प्रस्तुत गर्नुहोस् ।

२०) प्रमुख जिल्ला अधिकारीलाई प्रदान गरिएको न्यायिक अधिकारको सम्बन्धमा जानकारी प्रदान गर्नुहोस् । प्रमुख जिल्ला अधिकारीको यस प्रकारको न्यायिक अधिकारको निरन्तर दुरुपयोग भइराखेको तथा एउटै अधिकारिले न्यायिक र प्रशासनिक कामकारबाही गर्दा यस अभिसन्धी बिरुद्धमा भएको भन्ने सम्बन्धमा प्रतिवेदन दिनुहोस् ।

२१) दश (१०) बर्षको उमेरदेखी आपराधिक दायित्व शुरुवात हुने वर्तमान कानुनलाई पुनरावलोकन गर्नको लागी सदस्य राष्ट्रले कुनै योजना बनाएको छ, छैन ? सो सम्बन्धमा उल्लेख गर्नुहोस् । बालन्याय प्रणालीलाई सुदृढ गर्नको लागी अवलम्वन गरिएका उपायहरुको सम्बन्धमा प्रतिवेदन प्रस्तुत गर्नुहोस् जसमा निम्न कुराहरु सुनिश्चित होस् ।

(क) अपराध सम्बन्धी कानुनको लागी १८ बर्ष वा सो भन्दा बढी उमेरको मानिसलाई मात्र बयस्कको रुपमा लिइन्छ ।

(ख) देशभरिका अदालतमा बालइजलासको ब्यवस्था

(ग) बालबालिकाको लागी अन्य कैदी बन्दी भन्दा अलग राख्ने ब्यवस्था

(घ) बालबालिका लाई थुनामा राख्ने कार्यलाई अन्तिम बिकल्पको रुपमा लिइनेछ र जतिसक्दो छोटो समयको लागी मात्र थुनामा राखेर भन्दा अन्य तरिकाबाट सजाय दिनको लागी बैकल्पिक उपाय भएमा सो सम्बन्धमा तथा त्यसको व्यबहारिक कार्यान्वयनको सम्बन्धमा उल्लेख गर्नुहोस् ।

**शरणार्थी, शरण माग्न आएको ब्यक्ती र आन्तरिक रुपमा बिस्थापित ब्यक्तिहरु - धारा २,७,१३,१६ र २६)**

(२२) शरणार्थी र शरण मागेको ब्यक्ती लगायतका गैरनागरिकहरुले यस अभिसन्धीमा ब्यवस्था भए बमोजिमको निकाला बिरुद्धको अधिकारको उपयोग व्यवहारम गर्न पाएका छन् भन्ने कुरालाई सुनिश्चित गर्न अवलम्बन गरिएका कदमहरुको सम्बन्धमा जानकारी प्रदान गर्नुहोस् । शरणार्थी र शरण मागेको व्यक्तिहरुको सम्बन्धमा बिषयगत कानुनको निर्माण गर्नको लागी कस्तो प्रकारको कदमहरु चालिएको छ ? भिषा बिना रहेका शरणार्थी तथा शरण मागेको व्यक्तिहरुलाई गैरकानुनी आप्रवासीको रुपमा लिइने गरेको तथा सजाय दिने गरेको र भिषा शुल्क चुक्ता नगर्दासम्म तेस्रो देशमा पुनबासमा जानको लागी बन्देज लगाउने गरेको भन्ने सम्बन्धमा आएको जानकारीको

सम्बन्धमा प्रतिक्रिया दिनुहोस् । आन्तरिक रुपमा बिस्थापित व्यक्तिहरुलाई सुरक्षित तरिकाबाट फिर्ता गर्न तथा उनिहरुको जमिन र सम्पति फिर्ता गरी पुनस्थापना र पुनसमायोजन गर्नको लागी चालिएको कदमहरुको सम्बन्धमा प्रतिवेदन दिनुहोस् ।

**अभिब्यक्तिको स्वतन्त्रता, संगठनको अधिकार तथा धार्मिक स्वतन्त्रता र बिचारको अधिकार ( धारा २, १८, १९, २१, २२ र २६)**

(२३) प्रहरी, सुरक्षा निकाय, सशस्त्र समुह तथा राजनैतिक दलको युवा संगठनहरुबाट पत्रकार र मानबअधिकारकर्मीहरुलाइ् भौतिक आक्रमण, ज्यान मार्ने धम्की तथा ज्यादती सम्बन्धी प्रतिवेदनहको सम्बन्धमा प्रतिक्रिया दिनुहोस् । तिब्बती समुदायलाई गिर^तार गर्ने, थुनामा राख्ने तथा भविष्यमा कुनै प्रकारको प्रदशर्नीमा सहभागी हुने छैन भन्ने कागजमा बलज^ती सही गर्न लगाउने लगायतका कार्यहरु गरी तिब्बती शरणार्थीको अभिब्यक्तीको स्वतन्त्रता र शान्तीपुर्वक भेला हुन पाउने अधिकारलाई नियन्त्रण गरेको सम्बन्धमा टिप्पणी गर्नुहोस् ।

(२४) अन्तरिम संबिधान र फौजदारी संहिताले धर्म परिवर्तन गराउने कार्यलाई गरेको बन्देज कसरी यस अनुबन्ध सँग बाभि्कएको छैन ? कृपया उल्लेख गर्नुहोस् । तिब्बतियन बौद्ध धर्मावलम्बी, इसाइ र इस्लाम लगायतका धार्मिक अल्पसंख्यक हरु माथी लगाइएको बन्देजको सम्बन्धमा पनि कृपया उल्लेख गर्नुहोस् ।

**जन्म दर्ता ( धारा १६, २४ र २६)**

(२५) कम संख्यामा हुने गरेको जन्म दर्ताको सम्बन्धमा कृपया टिप्पणी गर्नुहोस् साथै जन्मदर्ता प्रक्रियामा महिला तथा अन्य आर्थिक रुपमा विपन्न समुहले भोग्न परेको समस्या समाधानको लागी चालिएको कदमको सम्बन्धमा उल्लेख गर्नुहोस् ।

**अनुबन्ध सँग सम्बन्धीत सुचनाहरुको प्रसारण / प्रकाशन - धारा २**

(२६) यो अनुबन्ध तथा यसको पहिलो इच्छादिन प्रोटोकल, सदस्य राष्ट्रले प्रस्तुत गरेको दोस्रो आवधिक प्रतिवृदन र समितिले गरेको परिक्षण सम्बन्धी जानकारी प्रसारण/प्रकाशन गर्नको लागी चालिएको कदमहरुको सम्बन्धमा जानकारी प्रदान गर्नुहोस् । कृपया गैरसरकारी संस्था , नागरिक समाज र मानब अधिकार आयोगको प्रतिवेदनको तयारीको बेलामा रहेको संलग्नताको बारेमा जानकारी गराउनुहोस् ।